# आयोजना सम्पन्न मुख्य प्रतिवेदन

१. पृष्ठभूमि (Background)

दैलेख जिल्ला मध्यपश्चिमाञ्चल अर्न्तगत भेरी अञ्चलको पहाडी जिल्ला हो । जिल्लाको पूर्वमा जाजरकोट पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्लाहरु रहेका छन् । समुन्द्र सतहवाट ५४४ देखी ४१६८ मी. सम्म उचाई र २८ डिग्री ३५´ देखी २९ डिग्री ८´ उत्तरी अक्षांशमा रहेकोछ । जिल्लाको क्षेत्रफल १५००५१ हेक्टर मध्ये वन जंगल ५९.९१%, कृषि योग्य जमिन २८.७४%, चट्टान, वाटो र आवास ८.८९% रहेको छ ।

कुल जनसंख्या २२५१८९ रहेकोमा महिला ११५०७६ र पुरुष ११०११३ एवं जनसंख्या वृद्धि दर १.८६ रहेको छ । जातिय रुपमा हिन्दु ९८.१%, वौद्ध १.४%, क्रिस्चियन ०.१%, मुस्लीम २% र अन्य ०.२% धर्म मान्ने मानिसहरु रहेका छन् । जातमा क्षेत्री, ठकुरी, व्राहमण, गुरुङ्ग, मगर, कामी, सार्की, दमाई, नेवार, वादी र मुसलमान रहेकाछन् । यस जिल्लाको कुल साक्षरता प्रतिशत ४७.४% जसमा महिला साक्षरता ५३.८% र पुरुष साक्षरता ६८.२% रहेकोछ । ७३% परिवारको प्रति परिवार वार्षिक आम्दानी रु ५००० भन्दा कम रहेकोछ । यस जिल्लाको मानिसहरुको औशत आयु ५८ वर्ष रहेकोछ । यस जिल्लाको कुल जनसंख्याको ९२% मानिसहरुको पेशा कृषिमा आधारित रहेको छ । जिल्लाको प्राकृतिक विविघता ( जलवायु,उचाई र ढाल) भएकोले वनस्पतिक विविधता पाईन्छ ।

दैलेख जिल्लामा कृषि विकास कार्यालयको रेकर्डका आधारमा पकेट क्षेत्रको तुलनात्मक अध्ययनलाई हेर्दा यस जिल्लामा मौरी विकासकालागि १५०० हेक्टर रहेकोमा हालको क्षेत्रफल ३१० हेक्टर भएको थप गर्न सकिने क्षेत्रफल ११९० हेक्टर रहेकोले मौरीपालन व्यावसायलाई विस्तारकालागि राम्रो संभावना भएको जिल्ला मान्न सकिन्छ ।

**परियोजना संचालित गाविसको अवस्था :**

जिल्ला कृषि विकास कार्यालय दैलेखले जगन्नाथ पकेट क्षेत्र अर्न्तगतका गाविस रुम, कट्टी, सल्लेरी र जगन्नाथ गाविसमा मौरीपालनको संभावित पकेट क्षेत्रको रुपमा पहिचान गरी ४ गाविसको ५०० हेक्टरमा मौरीपालनको संभावना रहेको जसमा १०० हेक्टरमा मौरीपालन भएको साथै मौरीपालनको ४०० हेक्टर वृद्धि गर्न सकिने भन्ने भएकोले र जुन जिल्ला भरीको ३३% क्षेत्रफल मौरीपालनकालागि संभाव्यता भित्र परेकोले ईन्प्रेड, नेपालले मौरीपालन गरी विपन्न कृषकको आय आर्जन वढाउनकालागि परियोजना यस क्षेत्रमा संचालन गरेको थियो । ति गाविसको अवस्था निम्नानुसार रहेको छ ।

| गाविस | सदरमुकामवाट दुरी कोषमा | घरधरी | जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|---|---|
| सल्लेरी | ८ | ६५० | ३८२३ | १९५० | १८७३ |
| कट्टी | ८ | ८०१ | ४६०२ | २४४७ | २१५५ |
| जगन्नाथ | ११ | ४२७ | २३७० | १२०३ | ११८५ |
| रुम | १० | ३३१ | १९१३ | ९७६ | ९३७ |

उल्लेखित गाविसहरुमा वाहुन क्षेत्री, मगर, कामी, सार्की, दमाई जातिहरुको वसोवास रहेको छ । जम्मा घर संख्या २२०९ रहेको छ । माथिका गाविसहरुमा कुल जनसंख्या १२७२६ मध्ये महिला ६५७६ र पुरुष जनसंख्या ६१५० रहेको छ ।

| कट्टी | जगनाथ | रुम | सल्लेरी |
|---|---|---|---|
| समुह नामवली तथा विवरण :-<br>क) फुलवारी मौरी पालन समुह<br>ठेगाना :- कट्टी ३<br>समुहसख्या :-१५ जना<br>महिला ३ पुरुष १२<br>अध्यक्ष :- कविराम शर्मा<br>उपाध्यक्ष :- पदम वि.सि<br>सचिव :- मनिराम शर्मा<br>कोषाध्यक्ष :-टीकाराम शर्मा<br>का.स.स. :-जानकी वि.सि.<br>,, :-जैपुरा उपाध्याय<br>,, :- गीता शर्मा<br>सा. स. :-लोकराज दाहाल<br>,, :-नन्दराम शर्मा<br>,, :- जय वहादुर वुढा<br>,, :- तिल वहादुर वुढा<br>,, :-रामचन्द्र वि.सि.<br>,, :- भगिराम शर्मा<br>,, :- तुलाराम शर्मा<br>,, :- देव वहादुर वुढा<br>ख) मालिका मौरीपालन समुह<br>ठेगाना :- कट्टी २ गोठी<br>समुहसख्या :-१५ जना<br>महिला ७ पुरुष ८<br>अध्यक्ष :- नर वहादुर सिह<br>उपाध्यक्षः-जय वहादुर वुढा<br>सचिव :- चन्द्रप्रसाद शर्मा<br>कोषाध्यक्षः-टोपवहादुर शाही<br>का.स.स. :- कमला सिह<br>,, :- टीका सिह<br>,, :-वुद्धि वहादुर सिह<br>सा. स. :-चललो वुढा<br>,, :-प्रेम वहादुर सिह<br>,, :- वुदीकुमारी सिह<br>,, :- मनकुमारी चन्द<br>,, : सेतु सिह<br>,, :- गणेश व. सिह<br>,, :- नानकला वि.सि.<br>,, :- अम्मरवहादुर सिह | समुह नामवली तथा विवरण :-<br>क) भौरीदेउराली मौरीपालन समुह<br>ठेगाना :-जगनाथ, १ रुमी<br>समुहसख्या :-१५ जना<br>महिला ७ पुरुष ८<br>अध्यक्ष :- पुर्णप्रसाद अधिकारी<br>उपाध्यक्ष :- शुशिला के.सी.<br>सचिव :- महेश्वरी के.सी.<br>कोषाध्यक्ष :-पदमवहादुर शाही<br>का.स.स. :-नारायण अधिकारी<br>,, :-गगन वहाददुर के.सी<br>,, :- कर्णवहादुर के.सी<br>सा. स. :-कृष्णवहादुर वि.क.<br>,, :- निरा के.सी.<br>,, :- मानकुमारी के.सी.<br>,, :- शान्ती शाही<br>,, :- शितला शाही<br>,, :- लिला वि.क.<br>,, :- चक्रवहादुर शाही<br>,, :- लालविर दमाई<br><br>ख) लालिगुरास मौरापालन समुह<br>ठेगाना :- जगनाथ २,३,४ तुर्सु<br>समुहसख्या :-१५ जना<br>महिला ७ पुरुष ८<br>अध्यक्ष :-गणेशप्रसाद अधिकारी<br>उपाध्यक्ष :- अम्मर वहादुर वुढा<br>सचिव :- विन्दा अधिकारी<br>कोषाध्यक्ष :- दशरथ अधिकारी<br>का.स.स. :- लक्ष्मी उपाध्याय<br>,, :- धनसरा वुढा<br>,, :- वालसरा के.सी.<br>सा. स. :- लोक वहादुर ओली<br>,, :- दिपा अधिकारी<br>,, :- गंगाराम खत्री<br>,, :- प्रेम वहादुर वि.सी.<br>,, : जित वहादुर सिंह<br>,, :- मानवहादुर रावत<br>,, :- देवीसरा अधिकारी<br>,, :- धनसरा वुढा | समुह नामवली तथा विवरणः-<br>क) ज्वाला मौरीपालन समुह<br>ठेगाना :- रुम ९ सिडारा<br>समुहसख्या :-१५ जन<br>महिला ७ पुरुष ८<br>अध्यक्ष :- रामवहादुर शाही<br>उपाध्यक्ष :- रत्ने रावत<br>सचिव :- गणेशवहादुर चन्द<br>कोषाध्यक्ष :-शेरवहादुर शाही<br>का.स.स. :-तुला वोहोरा<br>,, :-काली शाही<br>,, :- डीलसरा चन्द<br>सा. स. :-कृष्णवहादुर शाही<br>,, :-मनकुमारी रावत<br>,, :- भिमा चन्द<br>,, :- विरवहादुर वि.क.<br>,, :- वालु शाही<br>,, :- गणेशवोहोरा<br>,, :- रत्न रावत<br>,, :- खगेन्द्र शाही<br><br>ख)मनकामनामौरीपालनसमुह<br>ठेगाना :- रुम १,२,३<br>समुहसख्या :- १५ जना<br>महिला ४ पुरुष ११<br>अध्यक्ष :- पानसरा शाही<br>उपाध्यक्ष :- वखत रावत<br>सचिव :- खड्कवहादुर शाही<br>कोषाध्यक्षः-प्रेमवहादुरवोहोरा<br>का.स.स.:- दिपक उपाध्याय<br>,, :- कमला शाही<br>,, :- महरुप शाही<br>सा. स. :- कृष्णवहादुर शाही<br>,, :- धनवहादुर शाही<br>,, :- दानवहादुर शाही<br>,, :- धनकुमारी अधिकारी<br>,, : राजुकुमारी शाही<br>,, :- कर्णवहादुर शाही<br>,, :- मनवहादुर वोहोरा<br>,, :- कृष्णवहादुर शाही | समुह नामवली तथा विवरण :-<br>क)सिद्धपाईलामौरीपालन समुह<br>ठेगाना :- सल्लेरी ५<br>समुहसख्या :-१५ जन<br>महिला ७ पुरुष ८<br>अध्यक्ष :- प्रेमा चन्द<br>उपाध्यक्ष :- अर्जुन चन्द<br>सचिव :- लाल वहादुर सिह<br>कोषाध्यक्ष :-कर्ण वहादुर चन्द<br>का.स.स. :- चन्द्रा चन्द<br>,, :- सेतु चन्द<br>,, :- इन्द्रवहादुर वि.क.<br>सा. स. :- सेतु चन्द<br>,, :-कर्णवहादुर चन्द<br>,, :- कमला चन्द<br>,, :- लिला चन्द<br>,, :- धनवहादुर वोहोरा<br>,, :- रतन वि.क.<br>,, :- कर्णवहादुर वि.क.<br>,, :- धनकुमारी चन्द<br><br>ख )वासुधारामौरीपालन समुह<br>ठेगाना :- सल्लेरी ६ राक<br>समुहसख्या :- १५ जना<br>महिला ६ पुरुष ९<br>अध्यक्ष :- खड्कवहादुर वस्नेत<br>उपाध्यक्ष :- पवित्रा शाही<br>सचिव :- कर्ण वहादुर शाही<br>कोषाध्यक्ष :- चन्द्रा वस्नेत<br>का.स.स.:-दल वहादुर वस्नेत<br>,, :- नरवहादुर वस्नेत<br>,, :- मोतिलाल शाही<br>सा. स. :- वलवहादुर वस्नेत<br>,, :- शितला वस्नेत<br>,, :- तिलसरा चन्द<br>,, :- हरीकला चन्द<br>,, : निर्मला वोहोरा<br>,, :- खड्कवहादुर वोहोरा<br>,, :- देवी शाही<br>,, :- जयवहादुर वस्नेत |
| समुहका सदस्यहरुको आर्थिक अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण फारम भरी कार्यक्रम घ र ड. वर्गमा संचालन गरीएको जुन निम्न प्रकार छ।<br>क ) वर्ग :-<br>ख ) वर्ग :-<br>ग ) वर्ग :- २<br>घ ) वर्ग :- १४<br>ड.) वर्ग :- १४<br>जम्मा :- ३० जना | समुहका सदस्यहरुको आर्थिक अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण फारम भरी समुदायका विपन्न वर्गमा कार्यक्रम संचालन भईरहेको छ।<br>क ) वर्ग :-<br>ख ) वर्ग :-<br>ग ) वर्ग :- १<br>घ ) वर्ग :- १८<br>ड.) वर्ग :- ११<br>जम्मा :- ३० जना | समुहका सदस्यहरुको आर्थिक अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण फारम भरी कार्यक्रम समुदायका विपन्न वर्गमा संचालन गरिएको छ ।<br>क ) वर्ग :-<br>ख ) वर्ग :-<br>ग ) वर्ग :- ८<br>घ ) वर्ग :- १९<br>ड.) वर्ग :- ३<br>जम्मा :- ३० जना | समुहका सदस्यहरुको आर्थिक अवस्था पहिचानका लागि घरधुरी सर्वेक्षण फारम भरी समुदायका विपन्न परिवारमा कार्यक्रम संचालन भएकोछ ।<br>क ) वर्ग :-<br>ख ) वर्ग :-<br>ग ) वर्ग :- ४<br>घ ) वर्ग :- १२<br>ड.) वर्ग :- १४<br>जम्मा :- ३० जना |

यस परियोजनाले दैलेख जिल्लाका ४ गा.वि.स.का १२० घर परिवार यस परियोजनामा प्रत्यक्ष संलग्न रहेका छन । ४८ महिला र ७२ पुरुष कृषकहरु ८ वटा समुहमा संगठित भई समुहको सल्लाह एवं कार्य योजना वनाई निरन्तर कार्यक्रम संचालन भएको छ । यस परियोजनामा सहभागी कृषकहरु वाहेक वरपरका कृषकहरुले पनि मौरीपालन व्यावसाय शुरु गरेका छन् । महको उत्पादन एवं महको विक्रि र उपयोग गरेर कृषकहरु लाभान्वित भएका छन ।

यस परियोजनामा भएको उपलव्धीलाई स्थानीय पत्रकारहरुको फिल्ड अवलोकन, समाचार प्रकाशन, गाविस तथा जिल्ला तहमा हुने छलफल एवं अवलोकनवाट प्रविधिको वारेमा सुनेर वुझेर मौरीपालन व्यावसायको अनुशरण गरेर समेत कृषकहरु लाभान्वित भएका छन । यस आयोजना २०६७ असार मसान्तमा सम्पन्न भै आयोजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको हो ।

## २. कार्यान्वयनको कार्यकुशलता (Implementation Performance)

### १.१ समुदायमा आधारित मौरी विकास कार्यक्रम

### १.१.१ लक्षित समुहहरुको पहिचान र समुह गठन

सल्लेरी, कट्टी, रुम र जगन्नाथ गाविसका २/२ वार्ड क्रमशः वार्ड नं. ५ र ६ , वार्ड नं. १ र २ , वार्ड नं. २, ३, ८ र ९ र वार्ड नं. १ र २ मा कार्यक्रम संचालनका लागि छनौट गरी प्रत्येक गाविसवाट ३०/३० जनाको दरले किसान छनौट गरी १ समुहमा १५ जनाको दरले ८ समुहहरु गठन गरीएको थियो । कृषक तथा वार्ड छनौट गाविस तहमा कार्यक्रमको अभिमुखिकरण कार्यक्रम आयोजना गरि गरिएको थियो ।

यस कार्यक्रममा गाविस र टोल स्तरमा कार्यक्रमको जानाकारी र विभिन्न कार्यालयवाट उपलव्ध हुन सक्ने सहयोग र समन्वयका वारेमा जानकारी गराईएको थियो । कार्यक्रमले प्राप्त गर्न खोजेको उपलव्धी र सो का लागि गरिने क्रियाकलापका वारेमा सरोकारवालाहरुलाई जानकारी दिईएको थियो ।



## १.१.२ समुहको आधारभुत सर्वेक्षण

परियोजना क्षेत्रका ४ गा.वि.स.हरुमा सामाजिक परिचालक मार्फत १२० घरधुरीका किसानहरु र वार्ड स्तरको विवरण आउने गरी फर्मेट तयार गरी समुहको आधारभुत सामाजिक आर्थिक सर्वेक्षण गरी तथ्याङ्क संकलन गर्ने कार्य ८ समुहमा सम्पन्न गरिएको थियो । कृषकहरुको आर्थिक अवस्था निम्नानुसार रहेको थियो ।




## १.१.३ मौरी पालन संवन्धि व्यावसायिक धारणा विकास तालिम

सल्लेरी, कट्टी, रुम र जगन्नाथ गाविसका २/२ वार्ड क्रमशः वार्ड नं. ५ र ६ , वार्ड नं. १ र २ , वार्ड नं. २, ३, ८ र ९ र वार्ड नं. १ र २ कार्यक्रम संचालनका लागि छनौट गरिएका प्रत्येक गाविसवाट ३०/३० जनाको दरले किसान छनौट गरी १ समुहमा १५ जनाको दरले ८ समुहहरु गठन गरी ४ दिनको मौरी पालन संवन्धि व्यावसायिक धारणा विकास तालिम प्रयोगात्मक रुपमा संचालन गर्ने काम संस्थाले गरेको थियो ।






## १.१.४ मौरीपालन तालिम TOT  संचालन

परियोजना क्षेत्रका छनौट भएका ८ वटा समुहका पहिलो र दोश्रो वर्ष गरी १२/१२ जना गरी २४ जना किसानहरु छनौट गरि  मौरीपालन तालिम TOT  संचालन गरिएको थियो । जस  तालिमवाट किसानहरुले समूहका किसानहरुलाई तालिम दिन सक्ने गरि क्षमता विकास गरेका छन् । हाल स्थानिय रुपमा श्रोत व्याक्तिको रुपमा समुहमा ति व्याक्तिहरुले काम गरेका छन् ।





## १.१.५ मौरी गोला तथा रानी उत्पादन तालिम

परियोजना क्षेत्र भित्रका १२/१२ जना गरी २४ जना किसानलाई पहिलो वर्ष र दोश्रो वर्ष गरी मौरी गोला तथा रानी उत्पादन तालिम संचालन गरिएको थियो । जसबाट  २४ अगुवा किसानहरुले गोला वृद्धि गर्ने सिप र तालिम पाए पछि घार वृद्धिका लागि गोला फुटाउनकालागि कृषकहरु सक्षम भएका छन् साथै कृतिम रानी उत्पादन गरि मौरिगोला वृद्धि गरेका छन् । स्थानिय कृषकहरु श्रोत व्याक्तिका रुपमा कामहरु गरेका छन् ।




## १.२ मौरी व्यावसाय विकास तथा नतिजा प्रदर्शन

### १.२.१ गोला प्रवर्धन तथा धार विस्तार

स्थानिय रुपमा पहिलो र दोश्रो गरी १२० कृषकहरुलाई २/२ वटा घार उपलव्ध गराई व्यावसायिक रुपमा मौरीपालन गर्ने काममा संस्थाले सहयोग गरेको थियो ।




### १.२.२ कृषक समुह नतिजा परिक्षण र प्राविधिक सहयोग

आधुनिक घारमा मौरीपालन व्यावसाय र परम्परागत मुढे घारमा मौरीपालनवाट कृषकले लिने महको उत्पादन साथै फाईदा वारेमा समुहमा तुलनात्मक रुपमा अध्ययन गर्ने काम भएको थियो । सहभागितात्मक रुपमा छनौट भएका किसानहरुलाई समुहमा आवद्ध गरी सामाजिक आर्थिक तथ्याङ्क मौरीपालनकालागि आवश्यक पर्ने औजार सामाग्रीहरु मह मदानी, आधार चाका, घुवाँकर, जाली, मौरी छोप्ने झोला, पञ्जा, रानीगेट, मौरीको क्यारिङ्ग वक्स समुहगत रुपमा आवश्यकता अनुरुप उपयोग गर्ने गरी उपलव्ध गराईएको थियो । मौरीको लागि रोग तथा समस्याहरुको वारेमा जेटिए तथा मौरी विज्ञको सहयोग समुहमा उपलव्ध गराईएको थियो । नतिजा परिक्षणवाट आएका सिकाई तथा उपलव्धिहरुलाई किसान विच अनुभव आदन प्रदान गराउने र मासिक समुह वैठक एवं नियमित सामाजिक परिचालन र प्राविधिक सहयोग संस्थाले उपलव्ध गराएको थियो ।







## २.१ मह उत्पादन र वजारकालागि  सहकारी विकास  कार्यक्रम

### २.१.१ मह उत्पादन र व्यावस्थापन

स्थानिय कृषक समुहहरुले महको उत्पादनमा वृद्धि गरी महको मूल्य समेत तोकी वजारमा विक्रि गर्ने काम गरेका छन् । यस कामकालागि  कृषक विच समुह संजाल गठन र मह संकलनकालागि संकलन केन्द्र साथै वजार व्यावस्थापनका लागि वेस्तडा वजारमा र जिल्ला वाहिर सुर्खेतमा समेत मह विक्रि गरेका छन् ।



## २. १.२ कृषकहरु विच महको बजारका लागि संजाल विकास

कृषक समुहहरुको विचमा संजाल निर्माण गरि मह संकलन साथै बिक्रीका लागि स्थानिय बेस्तडा बजारमा र दैलख वजार सहकारीलाई संस्थागत रुपमा सहयोग गरी सवै समुहमा महको विक्रिकालागि योजना वनाउने काममा संजाललाई सहयोग गरिएको छ । सवै व्यावसायिक कृषकहरुलाई नियमित वचत साथै सहकारी मार्फत संजालीकरण गरिएको छ । स्थानिय गाविसवाट पनि कार्यक्रममा सहयोगका लागि समन्वय गर्ने काम भएको छ ।



## २.१.३ मह संकलन विक्रि केन्द्र स्थापना र  प्रशोधन तथा गुणस्तर निर्धारण

समुह सदस्यहरु विच नियमित वैठकमा पायक पर्ने स्थानमा महको संकलन र स्थानिय समुहमा विषादी र राशायनिक मलको प्रयोग नगर्ने वारे छलफल र तोरी साथै अल्पकालिन चरनको वारेमा नियमित छलफल समुहमा गरी कार्यान्वयन गर्ने गरेको अवस्था रहेको छ । मह संकलन गर्न मह मदानीको प्रयोग समुहमा गर्ने गरेका छन् ।



## २.१.४ महको प्याकेजिङ्ग र लेवलिङ्ग

स्थानिय कृषकहरुले महको विक्रि वितरणकालागि समुहको उत्पादन र पहिचान सहित विक्रि वितरणको काम गरेका छन् । जसवाट महको गुणस्तर साथै स्थानिय उत्पादनको पहिचान गराएको छ । कृषकहरुले महलाई १ के.जी र आधा के.जी.का डिव्वाहरुमा प्याकिङ्ग गरि वजारमा विक्री वितरण गर्ने गरेका छन् । जसवाट कृषकले महको सहि मुल्य पाएका छन् ।



\

### २.१.५ सहकारी विकास र वजार व्यावस्थापन

कृषकहरु द्वारा उत्पादित महको उचित मुल्य प्राप्ती ,प्रचार प्रसार र व्यवस्थित बजारका लागि कृषकहरुका विचमा भेला गरि फजुल खर्चलाई कम गरि बचत गर्ने बानीको विकासका लागि सहकारी सम्वन्धि अवधारणाको बारेमा छलफल गर्ने कार्य गरियो । साथै सहकारी विकास गरि उत्पादित महलाई बाह्य बजार सम्म लानको लागि सहकारीको माध्यमद्वारा प्रचार प्रसार र बिक्रीको कार्य गरिएको छ । जसकालागि दैलेख वजारमा समेत मह विक्रिकालागि संस्थाले स्थानिय सहकारी संग समन्वय गरेको छ । ८ वटै समुहहरु सहकारीमा आवद्ध भएका छन् ।



## ३.१ मौरीपालन  प्रविधिको प्रचार प्रसार

### ३.१.१ स्थलगत भ्रमण तथा अनुभव आदन प्रदान

मौरीपालन व्यावसायमा संलग्न १२० किसानहरु विच अनुभव आदन प्रदानकालागि एक अर्को समुह विच स्थलगत भ्रमण गर्ने काम र अनुभव आदन प्रदानको काम कृषकहरुले गरेका छन् । यसवाट कृषक विच सहकार्य वढेको छ ।



**३.१.२ ब्रोसर प्रकासन**

समुदायमा आधारित मौरीपालन व्यावसायको महत्व र फाईदा साथै ध्यान दिनु पर्ने कुराहरु राखेर संस्थाले  पहिलो वर्ष १६०० प्रति ब्रोसर प्रकाशन गरी सरोकारवाला विच वितरण गरेको थियो । जसले गर्दा  कार्यक्रम वारे सवै सरोकारवालाहरु प्रचार प्रसार भएको छ ।



**३.१.३ स्थानिय अगुवाहरु विच अर्न्तक्रिया**

कार्यक्रमको वारेमा स्थानिय गाविसको समन्वयमा र सवै समुहहरु विच वार्षिक रुपमा कार्यक्रम वारे छलफल गर्ने काम गरी कार्यक्रमको प्रभाव वारेमा छलफल गर्ने काम हरेक वर्ष सम्पन्न गरिएको थियो ।  सो कार्यक्रममा स्थानिय पत्रकारहरुको पनि उपस्थीति रहेको  थियो ।






### ३.१.४ कृषक दिवश

कृषकहरुको सहभागीतामा कार्यक्रमको अन्तिम वर्षमा कार्यक्रमको उपलब्धि साथै प्रचार प्रसारकालागि र स्थानिय रुपमा सवै गाविसका कृषकहरु विच कार्यक्रमको आयोजना गरियो । जसमा जिल्लाका सरोकारवाला साथै स्थानिय गाविसका प्रतिनिधिहरुलाई कार्यक्रममा सामेल गरिएको थियो । कार्यक्रमको हस्तान्तरण स्थानिय निकायलाई गर्ने काम समेत गरियो ।



### ३.१.५ सरोकारवालाहरु विच समन्वय वैठक
जिल्लातहका सरोकारवाला विच कार्यक्रमको पहिलो वर्ष जानकारी साथै कार्यक्रमको समीक्षाकालागि वार्षिक रुपमा स्थानिय गैसस, जिल्लाका सरकारी कार्यालय साथै दातृ निकाय विचमा वार्षिक रुपमा समन्वय बैठकको आयोजना नियमित रुपमा गरिएको थियो । जसवाट कार्यक्रमको प्रगति साथै सरोकारवाला विच समन्वयको काममा सहयोग पुगेको थियो ।







### ३.१.६ कार्यक्रमको अन्तिम प्रतिवेदन प्रकाशन
परियोजनाको अन्तमा अन्तिम प्रतिवेदन तयार गरी सरोकारवाला निकाय सवै लाई पठाउने काम गरेको छ । जसले कार्यक्रमको उपलव्धी मुल्याङ्कन गर्न सजिलो हुने र  कार्यक्रमको विस्तारकालागि पनि सिकाई प्रदान हुनेछ ।

### ३.१.७ अन्तिम प्राविधिक प्रतिवेदन प्रकाशन
परियोजनाको अन्तमा अन्तिम प्रविधिक प्रतिवेदन तयार गरी सरोकारवाला निकाय सवै लाई पठाउने काम गरेको छ ।  कार्यक्रमको प्राविधिक मुल्याङ्कन गर्न सजिलो हुने र  कार्यक्रमको प्रभाव वारेमा सरोकारवाला सवैमा जानकारी प्राप्त हुने छ ।

| ३. प्रतिफल/नतिजा उपलब्धी सम्बन्धी स्थिति |
|---|
| • समुहमा सामुहिक भावनाको विकास भएको छ ।<br>• फजुल खर्च कटौती गरी वचत गरी सहकारीमा समुहहरुले रकम जम्मा गरेका छन् ।<br>• नियमित वैठक वसी आफ्ना समस्या वारे छलफल र समाधानका उपाय र व्यावसायिक रुपमा कृषकहरुले मौरीपालन व्यावसाय अपनाएका छन् ।<br>• समूहमा आवश्यक पर्ने समाग्री र आयआर्जन संचालन गर्न रु.१,२०,०० घुम्तिकोष समुहले जुटाएका छन् ।<br>• महिलाहरु समुहमा संगठित हुने, चासो राख्ने साथै आधुनिक र व्यावसायिक रुपमा मौरीपालनवाट न्यूनतम पनि वार्षिक रुपमा १० देखी १४ हजार थप आम्दानी परियोजना क्षेत्रका कृषकहरुले गरेका छन् ।<br>• स्थानिय स्तरमा समुह संजाल  र वचत सहकारी गाविस स्तरमा ४ वटा वनेका छन् ।<br>• समुहमा आवद्ध कृषकहरुले न्यूनतम ४ घार मौरी आधुनिक घारमा पालेर मह लिएका छन् । महको वजार स्थानिय रुपमा वेस्तडा, दैलेख, चुप्रा वजार  र जिल्ला वाहिर सुर्खेतमा समेत कृषकहरुले महको विक्रि गरेका छन् ।<br>• कृषि विकास कार्यालयवाट थप घार तथा आवश्यक प्राविधिक सहयोग कृषकहरुले लिन सक्षम भएका छन् ।<br>• छिमेकी वार्ड र छिमेकी गाविसका किसानहरुले कार्यक्रमको प्रभाव राम्रो देखेर मौरीपालनलाई व्यावसायिक रुपमा कृषि विकास कार्यालय साथै अन्य संघ संस्थाको समन्वयमा आधुनिक घारमा मौरीपालन गरेका छन् ।<br>• कृषकले मुडे घारवाट भन्दा आधुनिक घारवाट धेरै फाईदा लिन सक्ने कुरा स्वयं महशुस गरेका छन् ।<br>• स्थानिय एफ एम र उज्यालो नेटवर्क मार्फत नेपाल दर्पण जस्ता राष्ट्रिय स्तरका संचार माध्यमवाट पनि कार्यक्रमको प्रशारणवाट कार्यक्रमको प्रचार प्रसार हुनुको साथै राम्रो प्रभाव परेको छ ।<br>• स्थानिय पत्रिका धमाका र राष्ट्रिय पत्रिका नयां पत्रिकामा समाचार प्रकाशन हुनुले कार्यक्षेत्र वाहिर पनि कार्यक्रमको व्यापक प्रचार प्रसार भएको छ ।<br>• महिला कृषक र अन्य कृषकहरुले मौरीपालन संवन्धि तालिम पाई स्वयं श्रोत व्याक्ति भएका छन् ।<br>• जिल्लाको कार्यक्षेत्रमा रहेका कृषकहरुको जिल्ला कृषि विकास कार्यालय, जिविस, सामुदायिक विकास कोष, गाउं विकास समिति, कृषि सेवा केन्द्र संग सम्पर्क समन्वयमा वृद्धि भएको छ । |
| ४. नयाँ प्रविधिको अनुशरण तथा उद्देश्य (Purpose) प्राप्तिको संभाव्यता |
| परियोजनामा संलग्न दैलेख जिल्लाका कृषकहरुको मौरीपालनवाट प्रति परिवार सरदर  वार्षिक आम्दानी १० देखी १४ हजार सम्म थप  आम्दानी भएको छ । वजारीकरण र सहकारीताको विकास भएको छ । जिल्ला कृषि विकास कार्यालय, कृषि सेवा केन्द्रहरुसंगको साझेदारी र जिविस गाविसहरु संग कृषकहरुले मौरीपालन व्यावसायकालागि सहयोग माग गरी व्यावसाय विस्तारमा लागेका छन् । कृषकहरुको अनुभव तथा सिकाई विस्तार भएको छ र आधुनिक मौरी घारको माग कार्यक्रम वाहिरका गाविसहरुमा समेत वढेको  छ । कृषकहरुले आम्दानीको मूख्य श्रोतको रुपमा मौरीपालनलाई  विकास गर्न थालेका छन् । |

| ५. आयोजनाका सरोकारवालाहरुले पहिचान गरेका संभाव्य प्रभावका मुख्य मुख्य सूचकहरु |
| --- |
| <ul><li>परियोजनामा संलग्न कृषक महिलाहरु समुहमा संगठित हुने, चासो राख्ने साथै आधुनिक र व्यावसायिक रुपमा मौरीपालनवाट न्यूनतम पनि वार्षिक १० देखी १४ हजार सम्म थप आम्दानी परियोजना क्षेत्रका कृषकहरुले गरेका छन् ।</li><li>परियोजनामा संलग्न सवै घरधुरीले व्यावसायिक रुपमा मौरीपालन वारेमा नयाँ सोच वनेको छ । व्यावसायिकताको शुरुवात भएको छ । उर्वराशक्तिमा वृद्धि भएको छ कार्यक्षेत्रको तरकारी उत्पादनको क्षमता वढेको छ ।</li><li>जिल्ला कृषि विकास कार्यालय, जिविस,सामुदायिक विकास कोष, गाउं विकास समिति, कृषि सेवा केन्द्र संग कृषकहरुको सम्पर्क समन्वयमा वृद्धि भएको छ ।</li><li>परियोजनामा संलग्न कृषकहरुले उत्पादन गरेको महको विक्रि वितरणमा स्वयं सचेत र संगठित भएका छन् ।</li><li>कार्यक्षेत्रमा  मौरीपालन व्यावसायमा कृषकको संख्या वृद्धि भएको छ र मौरीपालनको क्षेत्र समेत विस्तार भएको देख्न सकिन्छ ।</li><li>जिल्लामा महको उत्पादनमा समेत वृद्धि भएको छ ।</li></ul> |
| ६. पछि गर्नु पर्ने प्रस्तावित कार्यहरु (Proposed Follow-up) |
| स्थानिय स्तरमा मौरीपालन व्यावसायलाई विस्तार गर्नु पर्ने र मौरीपालक कृषक सहकारी, वजारीकरण साथै समुहहरुको संस्थागत विकास र समन्वयको कामहरुमा अझै जोड दिन जरुरी रहेको छ । |
| ७. सिकिएका पाठ : |
| <ul><li>स्थानिय स्तरमा गाविस तथा जिविस जस्ता निकायहरुलाई श्रोतका लागि अनुरोध गरी श्रोत परिचालनमा जोड दिएमा कृषकहरुले अझै धेरै फाईदा लिन सक्दा रहेछन् ।</li><li>स्थानिय स्तरमा अगुवा कृषकहरुलाई नै श्रोत व्याक्ति वनाउँदा सिप हस्तान्तरण साथै क्षमता विकासका लागि सजिलो हुँदो रहेछ ।</li><li>स्थानिय स्तरमा वचत संकलनले श्रोत परिचालनका लागि स्वयं कृषकहरु सक्षम हुने अवस्था हुँदो रहेछ ।</li><li>कृषकहरुलाई व्यावसायिक वनाउन व्यावसायिक योजना पनि हुनु पर्दछ अन्यथा  दिगो रुपमा व्यावसाय गर्न कठिन हुन्छ ।</li><li>मौरीपालनका लागि व्यावसायिक सहकारी र सहकारी मार्फत उत्पादीत वस्तु वजार पुऱ्याउन सकेमा मात्र कृषकहरुले उत्पादीत वस्तुको सही मुल्य र खपतका लागि सजिलो हुँदो रहेछ ।</li></ul> |
| ८. प्रकाशन तथा सम्पर्क : |
| शुरुमा कार्यक्रमको वारेमा व्रोसर प्रकाशन गरिएको, स्थानीय प्रयासको प्रवर्द्धन गर्ने उद्देश्यले कृषकहरुले हांसिल गरको उपलव्धी तथा सिकेको नयां सिकाईलाई टेवा पुऱ्याउने उद्देश्यले स्थानीय तथा राष्ट्रिय पत्र पत्रिकामा समाचार लेख छापिएका छन । उज्यालो नेटवर्कवाट समेत समाचार प्रसारण भएको छ । |

९. सफलताका कथा :

## सफलताको कथा

दैलेख जिल्ला जगन्नाथ गा.वि.स वार्ड न १ वस्ने पूर्ण प्रसाद अधिकारी वृहत र गरिव परिवारका व्यक्ति हुन उनको परिवार ७ जनाको छ उत्पादन शिल जमिन र जागिर पेशा नहुदा वाल वच्चा हुर्काउन र पढाउन साहै मुस्किल परेको कुरा वताउछन आफ्नो जग्गा जमिनवाट वर्षमा ५/६ महिना भन्दा खान नपुग्नाले वार्षिक रुपमा ३० हजार ऋण लागे पछि चिन्तामा परेका पूर्ण प्रसादले मौरी पालन गर्ने निधो गरी २०६१ साल फाल्गुण महिनामा मौरीको हुल फाट्ने हुदा धेरै छिमेकी संग एक हुल मौरी माग्दा कसैले मौरी दिने कुरा गरेनन् । किन्ने चलन पनि नभएको र पैसा पनि थिएन आखिरी गाउका मौरी हुल फाटे पछि जंगलतिर जाने हुदा घरमाथिको जंगलमा गई ११ दिन सस्म वसे पछि १ हुल मौरी समातेर घर ल्याई मुढेघारमा पाल्न शुरु गरे ठिक एक वर्ष पछि मौरी हुल फाटेर तीन घार भए र क्रमश वृद्धी हुदै १५ घार भए यस अवस्था सम्म मौरीको मह निकाल्न भन्दा धेरै हुल फाट्दा म धेरै खुशी हुन्थे किनकी म संग हुल फटाउने सिप थिएन ।

२०६४ भाद्र महिनामा जव ईन्प्रेड नेपालले आधुनिक मौरी पालन कार्यक्रम लिएर गाउमा आउदा आधुनिक मौरी पाल्ने चासो त थियो तर गाउका केही किसानले आधुनिक धारमा मौरी पाल्न शुरु गर्दा नवसेको देख्दा कतै यिनै मौरी आधुनिक धारमा पाल्दा नवसेर मेरो मौरी पाल्ने लक्ष्य पुरा नहुने कुराको चिन्ता थियो ईन्प्रेड नेपालले समूह गठन गर्दा सवैले मलाई अध्यक्षमा वस्न आग्रह गरे पछि डर मान्दै अध्यक्ष भए त्यस पछि संस्थाले आधुनिक घार साथै आधुनिक मौरी पालनका सामाग्री र तालिम दिने काम भयो तालिम पछि मौरी गोला विभाजन ,मौरीमा लाग्ने रोग, मौरीका शत्रु , मौरी व्यावस्थापन सम्वन्धी ज्ञान पाएपछि अहिले ४ आधुनिक घार र ४५ मुढेघार गरी जम्मा ४९ मौरका घार रहेका छन र वार्षिक रुपमा २०० कुरुवा मह रु २५० का दरले वेचि वार्षिक ५० हजार आम्दानी गरेका छन अहिले सम्म लागेको ऋण तिरी केही रकम वचत गरेको कुरा समेत पूर्ण प्रसाद वताउछन भने अन्य काम धन्दालाई छोडेर व्यावसायिक रुपमा आधुनिक मौरी पालन व्यावसायलाई अगाडी वढाउने योजना समेत वनाएकाछन । जिल्ला कृषि विकास कार्यालय तथा इन्प्रेड नेपाल र सहयोगी निकाय संग सहयोगका लागि अनुरोध समेत गरको कुरा वताउदै अन्य गाउमा वस्ने गरीव किसानलाई सहायक पेशाको रुपमा मौरी पालन व्यावसाय संचालन गर्न सल्लाह समेत दिने गरेका छन् ।

अनुरुचि : १

| आयोजनाको खर्च : | | | |
|---|---|---|---|
| From: | ०६४ श्रावण | To: | ०६७ असार |

| Description | Total Budget | Expenditure | Balance |
|---|---|---|---|
| १.१.समुदायमा आधारित मौरी विकास कार्यक्रम | 0 | 0 | |
| १.१.१ लक्षित समुहहरुको पहिचान र समुहगठन | 37000 | 37000 | |
| १.१.२ समुहको आधारभुत सर्वेक्षण | 24000 | 24000 | |
| १.१.३मौरी पालन संवन्धि व्यावसायिक धारणा विकास तालिम | 43200 | 43200 | |
| १.१.४ मौरीपालन तालिमTOT संचालन | 132120 | 132120 | |
| १.१.५ मौरीगोला तथा रानी उत्पादन तालिम | 37440 | 37440 | |
| १.२ मौरी व्यावसाय विकास तथा नतिजा प्रर्दशन | 0 | 0 | |
| १.२.१ गोला प्रवर्धन तथा धार विस्तार | 451000 | 451000 | |
| १.२.२ कृषक समुहमा नतिजा परिक्षण र प्रविधिक सहयोग | 368000 | 367999 | 1 |
| २.१ मह उत्पादन र वजारकालागि सहकारी विकास कार्यक्रम | 0 | 0 | |
| २.१.१ मह उत्पादन र व्यावस्थापन | 16000 | 16000 | |
| २. १.२ कृषकहरु विच महको बजारका लागि संजाल विकास | 24000 | 24000 | |
| २.१.३ मह संकलन विक्रि केन्द्र स्थापना र प्रशोधन र गुणस्तर निर्धारण | 24000 | 24000 | |
| २.१.४ महको प्याकेजिङ्ग र लेवलिङ्ग | 120000 | 120000 | |
| २.१.५ सहकारी विकास र वजार व्यावस्थापन | 63000 | 63000 | |
| ३.१ मौरीपालन प्रविधिको प्रचार प्रसार | 0 | 0 | |
| ३.१.१ स्थलगत भ्रमण तथा अनुभव आदन प्रदान | 43000 | 43000 | |
| ३.१.२ व्रोसर प्रकासन | 17000 | 17000 | |
| ३.१.३ स्थानिय अगुवाहरु विच अर्न्तक्रिया | 17000 | 17000 | |
| ३.१.४ कृषक दिवश | 16000 | 16000 | |
| ३.१.५ सरोकारवालाहरु विच समन्वय वैठक | 30000 | 30000 | |
| ३.१.६ अन्तिम प्रतिवेदन प्रकासन | 42500 | 42500 | |
| ३.१.७ अन्तिम प्राविधिक प्रतिवेदन प्रकासन | 33000 | 33000 | |
| **Sub Total** | 1538260 | 1538259 | 1 |
| **Overheads (13%)** | 199973.8 | 199973.67 | 0.13 |
| **Contingency (2%)** | 30765.2 | | 30765.2 |
| **Total** | 1768999 | 1738232.67 | 30766.3 |
| **Vat (13%)** | 229969.9 | 225970.25 | 3999.62 |
| Grand Total | 1998969 | 1964202.9 | 34766 |

अनुसूचि २ : आयोजनाको तर्कयूक्त ढाचां

## परियोजना शिर्षक :-

दैलेख जिल्लाका सुदुर क्षेत्रका सिमान्त महिला तथा विपन्न किसानहरुको आय आर्जनकालागि मौरी पालन व्यावसाय तथा सहकारी प्रवर्द्धन कार्यक्रम

| विषयगत सारांश | उद्देश्यमापक सुचक | प्रमाणित गर्ने आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **लक्ष : महिला विपन्न तथा दलित कृषकहरुको जिविकोपार्जनमा सुधार** | | | |
| **उद्देश्य :**<br>समुदायमा आधारित मौरी व्यावसाय र सहकारी प्रवर्द्धन गरी दलित तथा विपन्न महिला किसानहरुको आय वृद्धि गर्ने | | | |
| उपलब्धि:<br>**१. कार्यक्रम क्षेत्रमा समुदायमा आधारित मौरीपालन व्यावसाय स्थापना भएको हुने छ ।** | **३ वर्षमा परियोजना क्षेत्र भित्र २०६४ देखी २०६६ सम्म**<br>१.१. मौरीको पकेट क्षेत्रको रुपमा ४ वटा गाविसको पहिचान भएको हुनेछ ।<br>१.२. १२० जना किसानहरु ८ समुहमा संगठित भई मौरी पालन व्यावसायकालागि तालिम पाई व्यावसाय गरि मह उत्पादन गरेका हुने छन् ।<br>१.३. १२० जना किसानले न्युनतम ३६०० के.जी. मह उत्पादनवाट ७,२००,००० आम्दानी गरेका हुने छन् । | • **जिल्ला कृषि कार्यालयको वार्षिक प्रतिवेदन**<br>• **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **चौमासिक प्रतिवेदन**<br>• **वार्षिक प्रगति प्रतिवेदन**<br>• **फोटा तथा भिडियो डकुमेन्ट**<br>• **दातृ निकायको अनुगमन मुल्याङ्कन प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |
| **२.कार्यक्रम क्षेत्रमा सहकारीको स्थापना भई मौरीको श्रोत केन्द्र हुनुको साथै उत्पादन र वजारको विकास भएको हुने छ ।** | २.१ १२० कृषकहरु समुहमा आवद्ध भई नियमित वचत संकलन गरी प्रत्येक गाविस स्तरमा मौरीपालन सहकारी गठन भई महको वजार व्यावस्थापन भएको हुनेछ ।<br>२.२ महिला जनजाती र दलित कृषक समुहका १२ जना किसान मौरीको व्यावसायिक श्रोत व्यक्ति भएका हुने छन्।<br>२.३ समुहका किसानहरुले १२० मौरी गोला वाट गोला वद्धि र साटासाट गरी ४८० घार मौरी गोला विकास गरेका हुने छन् । | • **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **स्थानिय तथा राष्ट्रिय पत्रिकामा समाचार प्रकासन**<br>• **दातृ निकायको अनुगमन प्रतिवेदन**<br>• **चौमासिक प्रगति प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |
| **३. परियोजनाको उपलव्धीको प्रचार प्रसार भएको हुने छ ।** | ३.१ परियोजना क्षेत्रको मौरीपालन व्यावसायवाट उत्प्रेरित भई मौरीघार तथा मौरी गोला वाहिरका किसानले खरिद गरी ६० घर परिवारले १/१ घार मौरी पालेका हुने छन ।<br>३.२ परियोजना क्षेत्र वाहिरका विभिन्न जिल्लाका कृषि विकास तथा अन्य कार्यालयले मौरीपालन व्यावसाय अवलोकन क्षेत्रको रुपमा स्विकार गरेका हुनेछन् । | • **कार्यक्रमको स्थलगत भ्रमण**<br>• **समुहहरुको अभिलेख**<br>• **वार्षिक प्रगति प्रतिवेदन**<br>• **फोटा तथा भिडियो डकुमेन्ट**<br>• **मूल्याङ्कन प्रतिवेदन** | वर्तमान देशको राजनैतिक अवस्थामा सुधार वा यथावत रहेको हुनेछ । |

| सहायक क्रियाकलाप | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | जम्मा |
|---|---|---|---|---|
| १.१.समुदायमा आधारित मौरी विकास कार्यक्रम | | | | |
| १.१.१ लक्षित समुहहरुको पहिचान र समुहगठन | ४९००० | ० | ० | ४९००० |
| १.१.२ मौरी पालन संवन्धि व्यावसायिक धारणा विकास तालिम | २१६०० | २१६०० | ० | ४३२०० |
| १.१.३ मौरीपालन तालिमTOT संचालन | ६६०६० | ६६०६० | ० | १३२१२० |
| १.१.४ मौरीगोला तथा रानी उत्पादन तालिम | १८७२० | १८७२० | ० | ० |
| १.२ मौरी व्यावसाय विकास तथा नतिजा प्रर्दशन | | | | |
| १.२.१ गोला प्रवर्धन तथा धार विस्तार | २७३५०० | १७७५०० | ० | ४५१००० |
| १.२.२ कृषक समुहमा नतिजा परिक्षण र प्रविधिक सहयोग | १२४००० | १३०००० | ११४००० | ३६८००० |
| १ को जम्मा | ५५२८८० | ४१३८८० | ११४००० | १०८०७६० |
| २.१ मह उत्पादन र वजारकालागि सहकारी विकास कार्यक्रम | | | | |
| २.१.१ मह उत्पादन र व्यावस्थापन | ० | २०००० | ० | २०००० |
| २.१.२ मह संकलन विक्रि केन्द्र स्थापना र प्रशोधन र गुणस्तर निर्धारण | ण | ज्ञद्दणणण | ज्ञद्दणणण | द्दद्धणणण |
| २.१.३ महको प्याकेजिङ्ग र लेवलिङ्ग | ० | ६०००० | ६०००० | १२०००० |
| २.१.४ सहकारी विकास र वजार व्यावस्थापन | ० | २५००० | ३८००० | ६३००० |
| २ को जम्मा | ० | ११७००० | ११०००० | २२७००० |
| ३.१ मौरीपालन प्रविधिको प्रचार प्रसार | | | | ० |
| ३.१.१ स्थलगत भ्रमण तथा अनुभव आदन प्रदान | ० | १८००० | १८००० | ३६००० |
| ३.१.२ ब्रोसर प्रकासन | २३००० | ० | ० | २३००० |
| ३.१.३ स्थानिय अगुवाहरु विच अर्न्तक्रिया | ८५०० | ८५०० | ८५०० | २५५०० |
| ३.१.४ संचार कर्मी स्थलगत भ्रमण | ० | ११५०० | ११५०० | २३००० |
| ३.१.५ कृषक दिवश | ० | ० | २०००० | २०००० |
| ३.१.६ सरोकारवालाहरु विच समन्वय वैठक | १३५०० | १३५०० | १३५०० | ४०५०० |
| ३.१.७ अन्तिम प्रतिवेदन प्रकासन | ० | ० | ६२५०० | ६२५०० |
| ३ को जम्मा | ४५००० | ५१५०० | १३४००० | २३०५०० |
| जम्मा | ५९७८८० | ५८२३८० | ३५८००० | १५३८२६० |
| **Overheads (13%)** | **७७७२४.४** | **७५७०९.४** | **४६५४०** | **१९९९७४** |
| **Contingency (2%)** | **११९५७.६** | **११६४७.६** | **७१६०** | **३०७६५.२** |
| **Total** | **६८७५६२** | **६६९७३७** | **४११७००** | **१७६८९९९** |
| **Vat (13%)** | **८९३८३.१** | **८७०६५.८१** | **५३५२१** | **२२९९७०** |
| **Grand Total** | **७७६९४५** | **७५६८०२.८** | **४६५२२१** | **१९९८९६९** |

# आधारभूत तथ्याङ्क संकलन र अन्तिम मूल्यांकनमा आएको परिवर्तन

| क.स | कृषक समुहको नाम | कृषक संख्या | आयोजना सुरु हुनु पूर्वको अवस्था<br>२०६४ श्रावणमा वार्षिक | | | | आयोजना संचालन भए पश्चात<br>,२०६७ असारमा | | | | भएको उपलव्धी<br>सुरुवात र अन्तिममा आएको परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मौरीघार मुडे | मह उत्पादन किलो | मह विक्रिवाट आम्दानी | मह विक्रिवाट प्रति व्यक्ति आम्दानी | मौरीघार आधुनिक | मह उत्पादन किलो | मह विक्रिवाट आम्दानी | मह विक्रिवाट प्रति व्यक्ति आम्दानी | मौरीपालनमा भएको आधुनिक घार वृद्धि | मह उत्पादनमा वृद्धि के.जी | मह विक्रीवाट आम्दानीमा वृद्धि | मह विक्रिवाट प्रति व्याक्ति आम्दानी वृद्धि |
| १ | फुलवारी मौरी पालन समुह | १५ | ४ | १६ | ३२०० | २१३.३ | ४९ | ४९० | १९६००० | १३०६७ | ४९ | ४७४ | १९५७८७ | १३०५२।४ |
| २ | मालिका मौरीपालन समुह | १५ | १० | ३५ | ७००० | ४६६.७ | ४४ | ३९६ | १५८४०० | १०५६० | ४४ | ३६१ | १५१४०० | १००९३।३ |
| ३ | भौरी देउराली मौरीपालन समुह | १५ | ४० | ९० | १८००० | १२०० | ४३ | ४३० | १७२००० | ११४६७ | ४३ | ३४० | १५४००० | १०२६६।७ |
| ४ | लालिगुरास मौरीपालन समुह | १५ | १३ | ३३ | ६६०० | ४४० | ४२ | ४२० | १६८००० | ११२०० | ३५ | ३८७ | १६१४०० | १०७६० |
| ५ | मनकामना मौरीपालन समुह | १५ | ९ | २४ | ४८०० | ३२० | ४० | ४४० | १७६००० | ११७३३ | ४० | ४१६ | १७१२०० | ११४१३।३ |
| ६ | ज्वाला मौरीपालन समुह | १५ | १४ | ४६ | ९२०० | ६१३.३ | ३९ | ४२९ | १६३०२० | १०८६८ | ३२ | ३८३ | १५३८२० | १०२५४।७ |
| ७ | सिद्ध पाईला मौरीपालन समुह | १५ | २३ | ६१ | १२२०० | ८१३.३ | ४० | ४८० | १९२००० | १२८०० | २८ | ४१९ | १७९८०० | ११९८६।७ |
| ८ | वासुधारा मौरीपालन समुह | १५ | १७ | ४५ | ९००० | ६०० | ४१ | ४१० | १६४००० | १०९३३ | ३० | ३६५ | १५५००० | १०३३३।३ |
| | **जम्मा** | १२० | १३० | ३५० | ७०००० | ४६६७ | ३३८ | ३४९५ | १३८९४२० | ११५७९ | ३०१ | ३१४५ | १३२२४०७ | **११,०२०** |